

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



मनोबल उच्च राख्ने, सतर्कता अपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्डसम्बन्धी सूचना सम्प्रेषण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 June 01 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७३


## निषेधाज्ञा लम्बिएसँगै महानगरमा भोजन गराउने संस्थाहरू सक्रिय

प्रस, वीरगंज, १७ जेठ/
पर्सा जिल्लामा निषेधाज्ञा अवधि लम्बिएसँगै वीरगंज महानगरमा विभिन्न सङ्घसंस्थाले बिहान र बेलुका निश्शुल्क खाना र दिउँसो खाजाको व्यवस्थापनमा सक्रियता बढाएका छन् ।




तस्वीर: प्रतीक

वीरगंज महानगरमा अहिले समर्पण सेवा/साहिब दरबार सेवा संस्थान, रेलवे कटेज, हन्ड्रेड ग्रुप, नेपाली काङ्ग्रेस पर्सा क्षेत्र नं १ लगायतका संस्थाहरूले बिहान र बेलुका निश्शुल्क भोजन र दिउँसो खाजाको व्यवस्थापन गर्दै आएका छन् । निषेधाज्ञामा दैनिक ज्यालादारी गरेर जीवनयापन गर्ने, अस्पतालका कुरुवा र सडक फूटपाथमा जीवन बिताउने गरीब, दीनदु:खीहरूलाई लक्षित गरेर निश्शुल्क भोजन गराइएको हो ।

समर्पण सेवा र साहिब दरबार सेवा संस्थानले निषेधाज्ञा शुरू भएको केही दिनपछि बिहान र बेलुका निश्शुल्क भोजन गराउँदै आएका छन् । साहिब दरबारका अध्यक्ष राजेशमान सिंहले बिहानी खानाको २६औं दिन र रात्रि खानाको २४औं दिन पूरा भएको बताए । उनले दैनिक करीब साढे ३ सयजनालाई बिहान र बेलुका खाना खुवाइरहेको बताएका छन् । आफ्नो संस्थानले साप्ताहिकरूपमा शनिवार महानगरमा रहेका भुस्याहा कुकुरहरूलाई पनि भोजन गराउँदै आएको उनले बताए ।

यसैगरी, रेलवे कटेजले पनि २६ दिनदेखि निश्शुल्क भोजन गराउँदै आएको छ । फिड फर निडी संस्थाका संरक्षक ओमप्रकाश सर्राफले दैनिक निश्शुल्क भोजन गराउनुका साथै नारायणी अस्पतालमा सङ्क्रमितहरूलाई फलफूलसमेत उपलब्ध गराउँदै आएको बताए । उनले एक साताअघिदेखि अस्पतालमा भर्ना भएका सङ्क्रमितहरूलाई फलफूल वितरण गर्दै आएको बताए । संरक्षक सर्राफले शुरूमा एक साता निजी खर्चमा निश्शुल्क भोजन शुभारम्भ गरेको र पछि महानगरलगायत सहयोगी हातहरूले सहयोग गर्दै आएको बताए ।

यसैगरी, वीरगंजमा रहेको हन्ड्रेड ग्रुप संस्थाले २१ दिनदेखि रातिको भोजन गराउँदै आएको छ । संस्थाका अध्यक्ष विजय गिरीको नेतृत्वमा राति सडक फूटपाथमा जीवन बिताउने र निषेधाज्ञामा भोजनबाट वञ्चित भएकाहरूलाई खाना खुवाउँदै आएको कोषाध्यक्ष आशिष गुप्ताले बताए । अहिले दैनिक सवा २ सय मानिसलाई रातिको भोजन गराउँदै आएको कोषाध्यक्ष गुप्ताले बताए । यो संस्थाले महानगरमा सुरक्षा दिँदै आएका प्रहरीलाई दिउँसो चाउचाउ, बिस्कुट, पानी उपलब्ध गराउँदै आएको छ ।

यसैगरी, वीरगंज-४ बिर्तामा नेपाली काङ्ग्रेस पर्सा क्षेत्र नं १ ले ९ दिनदेखि रात्रि भोजन गराउँदै आएको क्षेत्रीय अध्यक्ष विजय सर्राफले बताए । नियमितरूपमा साँझ ६ बजे चिकेन बिरयानी खुवाउने गरेको र अहिले खानेहरूको सङ्ख्या बढिरहेको उनले बताए ।

यसैगरी, वीरगंज सिटी रोयल युवा क्लबले पनि निश्शुल्क भोजन गराउँदै आएको अध्यक्ष सुरज महतोले बताए । क्लबका पदाधिकारी सदस्यहरूको आर्थिक सहयोगमा खाना खुवाउन शुरू गरिएको क्लबका वाल्मीकि मण्डलले बताए ।

यी क्लबहरूले शङ्कराचार्य गेटदेखि पावरहाउससम्म र बसपार्क तथा अस्पताल क्षेत्रमा निश्शुल्क भोजन वितरण गर्दै आएका छन् ।

महानगरमा निश्शुल्क भोजन गराउनेलाई नगरप्रमुख विजयकुमार सरावगीले महानगरको तर्फबाट एकपटक खाद्यान्न सहयोग गरेका थिए । त्यसबाहेक अहिलेसम्म महानगरपालिका र वडापालिकाहरूले निषेधाज्ञामा भोजन गराउने, राहत वितरण गर्ने जस्ता कार्य गरेका छैनन् । पहिलो लकडाउनमा केन्द्र, प्रदेश र स्थानीय सरकार तथा वडापालिकाहरूले राहत वितरण गर्दै आएका थिए । अहिले वीरगंज महानगरमा विभिन्न संस्थाले भोजन गराउँदै आए पनि पर्साका ग्रामीण क्षेत्रमा दैनिक ज्यालादारी गरेर जीवनयापन गर्नेहरू ठूलो समस्या भोग्दै छन् । कतिपय परिवार भोकै सुत्ने गरेको समाचार पनि प्रकाशमा आएको छ तर पनि स्थानीय पालिकाले त्यस्ता परिवारलाई खाद्यान्न उपलब्ध गराएर सहयोग गरेका छैनन् ।

## महासङ्घलाई आर्थिक तथा स्वास्थ्य सामग्री सहयोग

प्रस, वीरगंज, १७ जेठ/
नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको कोभिड राहत कोषमा वीरगंज महानगरपालिका र जीराभवानी गाउँपालिकाले सोमवार आर्थिक सहयोग गरेका छन् ।




तस्वीर: प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले वीरगंज महानगरपालिकाले रु १ लाख र जीराभवानी गापाले रु २५ हजार सहयोग गरेको बताए । महानगरका प्रमुख विजयकुमार सरावगीले आज महानगरको कार्यालयमा सो चेक हस्तान्तरण गरेका हुन् ।

त्यसैगरी, जीराभवानी गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता र लेखापाल लक्ष्मण न्यौपानेले नेपाल पत्रकार महासङ्घ पर्साको कार्यालयमा अध्यक्ष तिवारीलाई रु २५ हजारको चेक हस्तान्तरण गरेका हुन् ।

सो अवसरमा उपाध्यक्ष सुषमा शर्मा, सचिव भूषण यादव, कोषाध्यक्ष सञ्जीव मिश्र, प्रकाश तिवारीलगायतको सहभागिता थियो ।

यसैगरी, प्रदेश २ मिडिया काउन्सिल र आम सञ्चार प्राधिकरणले पर्सा शाखालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन् । प्रदेश २ मिडिया काउन्सिलका अध्यक्ष शिवहरिप्रसाद भट्टराईले आम सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई कोभिड-१९ को सङ्क्रमणबाट जोगाउन शाखालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको बताएका छन् । आम सञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले शाखामा कार्यरत पत्रकारहरूलाई सङ्क्रमणबाट जोगाउन ५० थान सर्जिकल मास्क, १० थान केएन-९५ मास्क, २ थान सेनिटाइजर, पञ्जा, फेसशिल्ड, अक्सिमिटर, थर्मलगनसमेत अध्यक्ष तिवारीलाई हस्तान्तरण गरेका थिए ।

## पेट्रोल, डिजेलको मनपरी मूल्य

प्रस, पंचगावाँ, १७ जेठ/
निषेधाज्ञा लम्बिएसँगै ग्रामीण क्षेत्रमा पेट्रोलियम पदार्थको बिक्री मनपरी ढङ्गले भइरहेको छ ।

नेपाल आयल निगमले निर्धारण गरेको मूल्यमा डिलरहरूले पेट्रोलियम पदार्थ बिक्री गर्नुपर्नेमा सोविपरीत बढी मूल्य लिएर बिक्री भइरहेको र निगमले सोको अनुगमन गरी कारबाई गर्न सकेको छैन । पर्साका ग्रामीण क्षेत्रमा अहिले पेट्रोल प्रतिलिटर रु १३० देखि १५० सम्ममा बिक्री भइरहेको छ । पटेर्वासुगौली गाउँपालिका-२ रङ्गपुरका जयचन्द्र साहले स्थानीय प्रहरी र पालिका कार्यालयलाई यसबारे जानकारी गराउँदा पनि ध्यान नदिएको आरोप लगाए ।

पर्साको सखुवाप्रसौनी गापा-२ श्रीपुर पंचगावाँमा पेट्रोल रु १३० प्रतिलिटरमा बिक्री भइरहेको छ भने पटेर्वासुगौली गापाको रङ्गपुरमा रु १४० प्रतिलिटरमा बिक्री भइरहेको छ । भारतीय सीमासँग जोडिएका सेढवा, पाँडेपुर, भेडिहारीलगायतका स्थानमा भने रु १५० प्रतिलिटरसम्म बिक्री भइरहेको बताइएको छ । भारतमा अहिले पनि नेपालको तुलनामा पेट्रोलियम पदार्थको मूल्य बढी छ । निषेधाज्ञा अवधिमा सबैभन्दा बढी पेट्रोलियम पदार्थको तस्करी भइरहेको छ । निषेधाज्ञाको कारण पेट्रोलियम

(बाँकी तेस्रो पातामा)

## चैते धानमा कीराको प्रकोप

बलिराम शुक्ला, बिरवागुठी, १७ जेठ/
पर्साका किसानले लगाएको चैते धानमा अहिले कीराको प्रकोप देखा परेको छ । किसानले लगाएको चैते धान १४२ र हर्दिनाथ धानमा कीराको प्रकोप देखा परेको हो ।

धानमा सेतो फड्के, खैरो फड्के, हरियो फड्के कीराले व्यापक क्षति पुऱ्याएको कारण धान पहेंलो हुने गरेको पर्सागढी नगरपालिकाका किसान दिपायन चौधरीले बताए ।

पर्सागढी नपाको कृषि शाखाका प्राविधिकहरू नगरपालिकामा नबस्दा सही सल्लाह सुझाव किसानले नपाएको र किसानले प्रयोग गरेका विषादीले पनि काम नगरेको बताएको छ । किसानहरूलाई यस्तो समस्या पर्दा भने पर्सागढी नपाको कृषि शाखाका प्रमुख खड्कबहादुर खत्री सम्पर्कविहीन छन् ।

पटेर्वासुगौली गाउँपालिकाको कृषि शाखाका प्राविधिक मोहन चौधरीका



तस्वीर: प्रतीक

अनुसार चैते धानमा कीरा देखा परेपछि धान खेतमा जमेको पानी व्यवस्थापन

(बाँकी अन्तिम पातामा)


हार्दिक श्रद्धाञ्जली

जन्म : २००७ श्रावण २०



स्वर्गारोहण : २०७८ जेष्ठ ६

स्व. राज कुमार पटवारी

हाम्रा प्रिय मित्र तथा केम्पर फाइनान्स् प्रा. लि.का संचालक श्री विशाल पटवारी ज्यूका पूज्य पिताजी **स्व. राजकुमार पटवारी** ज्यूको असामयिक निधन प्रति हामी स्तब्ध छौं ।
यो दु:खद घडिको १३औं दिनको पुण्यतिथिमा
उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना सहित शोकसन्तप्त परिवारजनप्रति भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

जगदम्बा ईन्टरप्राईजेज प्रा. लि.
सम्राट सिमेन्ट कम्पनी प्रा. लि.
होटल दियालो प्रा. लि.

मादुर्गा फुड्स प्रा. लि.
जगदम्बा मेटल क्राफ्ट
जगदम्बा विल्टेक प्रा. लि

## विचारसार र सूक्तिहरू

सम्पत्तिका साथ सदाशयता पनि आवश्यक छ, अन्यथा उपयोगी खाना पनि बासी भएपछि कुहिन्छ र खाने मानिस बिरामी पर्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दलहरू लड्दैछन्, जनता निरीह

नेपालमा राजनीतिक दलहरूको सङ्घर्ष चौतर्फीरूपमा सत्ताका लागि केन्द्रित हुन पुगेको छ। जिस्किने र जिस्काउनेबीच कहिले पनि सम्झौता हुन सक्दैन । यही अवस्था नेपालको राजनीतिले बेहोर्नुपरेको छ। सरकार राजनीतिक दलहरूलाई जिस्काइरहेको छ र सत्ताइतर दलहरू मनग्गे जिस्किइरहेका छन् । अवस्था अब देश र जनताले दुर्दिन भोग्नुपर्ने हदसम्म आइपुगेको छ। हुँदाहुँदा कामचलाउ सरकारले विधेयकमार्फत आगामी आर्थिक वर्षका लागि बजेट पनि ल्याइसक्यो । बजेट त आउनु नै थियो, जसले ल्याएपनि, जस्तो ल्याएपनि । बितेका दिनमा, गणतन्त्रात्मक संविधान लागू भएपछि यही एउटा कुरा छ, जुन समयमा हुने गरेको छ। त्यसमा कसैको जतिसुकै विमति भए पनि। यसले कम्तिमा देशको अर्थतन्त्रलाई मार्ग प्रशस्त गरिदिन्छ । कामचलाउ सरकारले बजेट ल्याउनुहुँदैन, अर्को बहुमत वा गठबन्धन सरकार बनुन्जेल बजेट कुर्नुपर्छ भन्नु मूर्खताबाहेक केही होइन । किनकि बजेट संविधानको प्रस्तावना होइन कि परिवर्तन नै गर्न नसकियोस्। अर्को सरकार आयो भने बजेटमा परिमार्जन गर्न नसक्ने होइन ।

यो त भयो कानून, संविधान, राजनीति र सत्ताको कुरा। यी सबै पक्षको उद्देश्य जनताको सर्वोत्तम हित हो। तर भइ के रहेको छ ? के २००७ सालपछि नेपालको कुनै पनि सत्ता, कानून, संविधान र राजनीतिले जनताको यो आवश्यकता पूरा सकेको छ ? यसमा बर्सेनि आउने बजेटको पनि ठूलो भूमिका हुन्छ। सबै सरकारले एकै किसिमको बजेट ल्याउँछन् तर मज्जको कुरा के छ भने प्रतिपक्षमा बसेका दलका अर्थविदहरू जहिले पनि सरकारको बजेटको आलोचना गर्छन्, यो बिर्सेर कि उनीहरूले पनि आफ्नो पालामा यस्तै बजेट ल्याएका हुन् र भोलि फेरि अवसर प्राप्त भयो भने यस्तै बजेट ल्याउँछन् । यस्तो किन भने कुनै पनि बजेट निमुखा जनतालाई केन्द्रमा राखेर ल्याइँदैन । आफू, आफ्नो दल र आफ्ना कार्यकर्ताहरूको सर्वोत्तम हितका लागि बजेट ल्याइएको हो भन्ने गुढ रहस्य सबैलाई थाहा छ। भनिन्छ साँपको खुट्टा साँपले मात्र देख्छ। त्यसैले प्रत्येक दलका अर्थविदहरूले बजेटको मर्म बुझ्दछन्, अनि औडाहा भएर विरोध गर्दछन् । आज विरोध गर्नेले हिजो आफ्नो पालामा जनसरोकारको, रोजगार वा स्वरोजगारको, उद्योग–धन्दाको, विकास–निर्माणको नियत राखेर बजेट ल्याएको भए के देश रित्तिनेगरी युवाशक्ति विदेशिने थियो ?

जनताले त जाबो ऋण लिन पनि हण्डर खानुपर्छ । साना किसानलाई ठूला बैंकले पत्याउँदैनन्, तिनलाई ठूलो मुनाफा दिन सक्ने उद्योगीहरू नै प्रशस्त छन् । ठूलो मुनाफा, त्वरित मुनाफाले देश उँभो लाग्दैन । यसले देशमा भ्रष्टाचार मात्र फैलाउँछ । बजेट गरीबमुखी भनिन्छ, तर नेपालमा सत्तासीन दलका कार्यकर्ताभन्दा गरीब कोही हुँदैन। यसपालिको बजेटले स्वास्थ्यमा पर्याप्त बजेट निकासा गरेको भनिँदै छ। पैसाले स्वास्थ्यमा सुधार आउने होइन, आवश्यक र पर्याप्त अस्पताल हुनुपर्‍यो, त्यतिले मात्र पुग्दैन, आधुनिक उपकरण पनि हुनुपर्‍यो । उपकरणमात्र भएर के गर्नु, सञ्चालनका लागि दक्ष जनशक्ति हुनुपर्‍यो । यहीं आएर नियत स्पष्ट हुन्छ। स्वास्थ्य बजेट त सिद्धिन्छ तर स्वास्थ्य सेवा उपलब्ध हुँदैन । किनकि देशमा दक्ष जनशक्ति छैन, भएकालाई तलब दिन सक्दैन सरकार । भेरी अस्पतालमा नर्सहरूले गरेको विरोध सरकारीतन्त्रको यसै नियतको परिचायक हो ।

# संसद् विघटनबाट उत्पन्न चुनौती

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**राजनैतिक दलहरूबीच परस्पर समझदारी र अदालतबाट चाँडोभन्दा चाँडो निर्णय आएर समयमैं विवादको टुङ्गो लगाउनुपर्छ । जसले कम क्षति पुग्छ । संसद् पुनः विघटनले धेरै चुनौती थपिएकाले समयमा समाधान खोज्नु अपरिहार्य छ ।**

२०७२ असोज ३ मा जारी भएको नेपालको सङ्घीय गणतन्त्रात्मक संविधानद्वारा गठित सङ्घीय संसद्लाई ओली सरकारले २०७७।९।५मा विघटन गरेकोमा सोलाई असंवैधानिक भन्दै सर्वोच्च अदालतले फागुन ११ गते पुनर्बहाल गर्ने आदेश दियो। संसद् पुनर्बहाल भएपछि प्रधानमन्त्रीले तत्काल राजीनामा दिई नयाँ सरकार बनाउने मार्ग फराकिलो गर्नुपर्नेमा संसद्मा विश्वासको मत माग गरे, जसमा प्रस्ट रूपमा १२४ विपक्षमा र ९३ मात्र प्रधानमन्त्रीको पक्षमा रह्यो । लगभग दुईतिहाईको समर्थनमा बनेका प्रधानमन्त्री सोही कार्यकालमा संसद्को विश्वास नै नरहेको अवस्थामा उनी असफल भएको पुष्टि त भयो नै उनी पदबाट तुरन्त हट्नै पर्ने नैतिक सवाल थियो तर ३० दिनभित्र बहुमत सिद्ध गर्छु भनेर ठूलो दलको हैसियतले प्रधानमन्त्री बने । प्रधानमन्त्री बनेको ३० दिनभित्र विश्वासको मत लिन अस्वीकार गरे । फलस्वरूप राष्ट्रपतिले अर्को सरकार बनाउन सिफारिशका लागि अर्कोपटक आह्वान गरिन् । सो अवधिभित्र १४९ जनाको समर्थन देखाई शेरबहादुर देउवाले सरकार बनाउने दाबी गरे भने १५३, जनाको समर्थन देखाई ओलीले दाबी गरे । तर दुवैमध्ये कसैले बहुमत सिद्ध गर्ने आधार नरहेको देखाई मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले दोस्रोपटक संसद् विघटन गरेकी छन् भने ताजा जनादेशका लागि कात्तिक २७ र मङ्सिर ३ गतेका लागि चुनावको घोषणा गरिको छ। चुनावको पक्ष र विपक्षमा ठूलो बहस चुलिएको छ । एक पक्षले सही मानेको छ भने अर्कोले संविधानको घोर उल्लङ्घन भनेको छ। राष्ट्रपतिको कदम पनि असंवैधानिक हो भनी दाबी गरिएको छ। यद्यपि यो विवाद अदालतमा पुगेको छ र अदालतबाट हुने निष्कर्ष नै अन्तिम हुनेछ । यसले संसदीय सर्वोच्चताभन्दा न्यायिक सर्वोच्चता स्थापित हुने आधार खडा गरेको छ ।

अहिलको घटनाक्रमले संविधानको कस्तो अवस्था देखाएको छ त ? सर्वप्रथम लोकतन्त्रमा संविधान र कानून नै महत्त्वपूर्ण कुरा हो । व्यवस्था जुनसुकै भएपनि लोकतान्त्रिक कानून छैन र लोकतान्त्रिक कानून भए पनि, लोकतान्त्रिक कार्यान्वयन छैन भने लोकतन्त्र संस्थागत हुन सक्दैन । हामीले लामो सङ्घर्षपछि राजतन्त्र फाली गणतन्त्र ल्यायौं । राजतन्त्रमा राजाहरू संविधानभन्दा माथि हुन्थे र संविधानवाद हुँदैनथ्यो । फलस्वरूप जनताको हक अधिकार सुरक्षित हुँदैनथ्यो। त्यही भएर राजालाई हटाई राष्ट्रपतिलाई राष्ट्राध्यक्ष बनाइयो र राष्ट्रपतिलाई संविधानको संरक्षक । संवैधानिक प्रावधानको परिपालना नै संवैधानिक कर्तव्य बनाइयो। संविधानको पालन नगर्दा महाअभियोग लगाउने प्रावधान पनि छ । यसबाट राष्ट्राध्यक्षले कुनै पनि हालतमा संविधानको प्रावधानभन्दा बाहिर गएर कार्य गर्न मिल्दैन, त्यस्तो कार्यलाई कसैले सहयोग पनि गर्नुहुँदैन। संविधानको धारा ७६ (३) अनुसार बनेको ३० दिनभित्र विश्वासको मत पुऱ्याउने शर्तसहित ओली प्रधानमन्त्री बनेका हुन्। उनले विश्वासको मत लिन नसकेको पुष्टि भएपछि वा प्रधानमन्त्रीले पदबाट राजीनामा दिएपछि मात्र राष्ट्रपतिले सरकार बनाउन आह्वान गर्नुपर्नेमा बलमिचाई गरी संसद् विघटन भयो ।

संसद् पुनर्बहाल भएदेखि नै पुनः संसद् सखाप पारी लामो समयसम्म सरकारमा बस्ने नियोजित रणनीति हो यो। नैतिकता र विधिको शासनको कुरै छाडौं । महामारी नियन्त्रणमा सरकार असफल रहेकोमा चौतर्फी विरोध भइरहँदा, सम्पन्न मध्यावधि निर्वाचनमा सरकारका गृहमन्त्री आफैं चुनाव हारेका छन् । बहालवाल गृहमन्त्री चुनाव हार्नु भनेको सरकारको भूमिका सकारात्मक छैन । छजना मन्त्रीको नियुक्ति अदालतबाट बदर हुनु भनेको सरकारको भूमिका सन्तोषजनक नहुनु हो । तर पनि उही सरकार चाहिन्छ भन्ने ढिपी राखेर काम गर्नु पूर्णरूपले अलोकतान्त्रिक हो। संसद्मा विकल्प रहँदासम्म संसद् विघटन गर्न पाइँदैन । यो संविधान र न्याय दुवैको मर्म हो । अहिलेको महामारीमा सबैको सहयोग लिई महामारी नियन्त्रण गर्नुपर्ने सरकारको पहिलो भूमिका हो, तर अस्पतालमा जनता अक्सिजन, भेन्टिलेटर, आइसियुको अभावमा ज्यान गुमाइरहेको छ। स्वास्थ्य सरोकार जनताको मौलिक हक हो र सरकारको दायित्व । यस्तो संवैधानिक दायित्वमा सरकार असफल रहेको पुष्टि भएको छ। जुन प्रधानमन्त्रीले आफ्नै पार्टीलाई एक ढिका राख्न सकेनन् उनले पूरा देशलाई कसरी एक ढिका राख्न सक्छन् ? गम्भीर प्रश्न छ ।

आज मधेसको मुद्दा संरक्षित छैन जसको मुख्य कारण नेताहरूको विगतको क्रियाकलाप हो। मधेसप्रति शुरूदेखि नै अनुदार रहेको कारण सत्तारुढ दलले बहुमत पायो। जसको परिणाम आज पूरा देशले भोग्नुपरिरहेको छ । आज उही मधेसवादी दलहरूले सरकारलाई समर्थन गरेका छन् । जुन कुरा बुझ्न असहज भएको छ । यो चरम सत्ता लिप्साको परिणाम हो । राजनीतिमा सत्ता अन्तिम लक्ष्य हो। तर सत्ता प्राप्ति सहज हुनुपर्छ। सहज सत्ताका लागि उचित पद्धति बसाल्नुपर्छ । तर अहिले देशमा देखारहेको परिदृश्यले व्यवस्थामा नै कुठाराघात गरिरहेको बुझिन्छ । यस्ता क्रियाकलापले गणतन्त्र र सङ्घीयताको उपलब्धि गुम्न सक्ने अवस्था आउन सक्छ। यसतर्फ होशियार हुनै पर्छ ।

संसद् विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ, सबै राजनीतिक दलहरू सरकारविरुद्ध छन्। वर्तमान सरकार चुनावी सरकार हो जसले मतदाता प्रभावितत गर्ने काम गर्नुहुन्न। तर सरकारले बजेट ल्याइसकेको छ । जसको चौतर्फी विरोध भइरहेको छ। केही शक्ति सङ्घीयता र गणतन्त्र मास्न लागिपरेका छन् । राजनीतिक दलहरू विभाजित भएको बेला प्रतिगामी शक्तिलाई ऊर्जा मिल्ने अवस्था छ। जुन ठूलो जोखिम हो । यस्तो जोखिमलाई नेताहरूले समयमा नबुझ्नु दुर्भाग्य हो । नेताहरूबीच विवादको कारण कोरोना जस्तो महामारी नियन्त्रणमा समस्या त छ नै, विकास कार्य पनि प्रभावित छ । अन्तर्राष्टिय सहयोगको भरमा चलिरहेको देशमा त्यो सहयोग प्रभावित नहुने प्रश्न नै छैन। नेपाली जनतामा निराशा बढेको छ । आफैंले बनाएको संविधान नेताहरू आफैंले पालना नगरेपछि राजनीतिक अस्थिरता बढ्नु स्वाभाविक हो । यसले लोकतन्त्र पनि खतरामा पर्ने सम्भावना उत्तिकै छ। पटकपटक संसदीय विवाद अदालतमा जानुले अदालत पनि विवादमा तानिने अवस्था आउन सक्छ । अहिले नै संविधानिक इजलासमा रहेका न्यायधीशहरूको हकमा सवाल उठाइएको छ । पार्टी विभाजनको आदेश गर्ने न्यायाधीश यस मुद्दामा रहनुहुँदैन भन्ने जिकिर गरिएको छ । यसले अदालतको जनआस्थामा पनि प्रतिकूलता आउन सक्ने देखिन्छ ।

संसद्को निर्धारित अवधि नपुग्दै दुई वर्ष पहिले चुनाव गर्नुले मुलुक आर्थिक रूपले पनि नोक्सानीमा पर्ने अवस्था छ। जसले बाह्य ऋण बढाउनुको साथै जनतामाथि करको भार पनि बढ्न सक्छ। यसले लामो समयसम्म समृद्धि पछाडि पर्ने अवस्था छ। वर्तमान सरकार चुनाव नगराई नछाड्ने अडानमा छ । आफ्नो चुनावी यात्रा सफल पार्न मतदाता मुखी बजेट ल्याइसकेको छ। सरकारले चुनाव गराउने तर अन्य दल सहभागी नहुने भएपछि एक पक्षले चुनाव बिथोल्ने प्रयास गर्छ र सरकार नियन्त्रण गर्ने प्रयास गर्छ, जसबाट सुरक्षाबल परिचालन हुन सक्छ । हिंसात्मक अवस्था आउन सक्छ। राष्ट्रपति शासन लागू हुन सक्छ। अशान्ति तथा हिंसात्मक अवस्थाले विदेशी हस्तक्षेप बढ्ने सम्भावना पनि उत्तिकै हुन्छ ।

यस्तो सङ्कटको मुख्य कारक राजनीतिक दलहरू नै हुन्। यसले समस्त राजनीतिक दलप्रति नै जनताको वितृष्णा बढ्न सक्छ, जुन लोकतन्त्रको लागि घातक हो । २००७ सालदेखि नै लोकतन्त्रको लागि लडेका नेताहरूको अहम् र सत्ता लिप्साको कारण लोकतन्त्रप्रति वितृष्णा बढ्नु ठूलो दुर्भाग्य हो । यस तथ्यलाई नेताहरूले समयमैं बुझी कमजोरी सच्याई देश र जनताको हितमा काम गर्न जरूरी छ। यसर्थ संसद् विघटनबाट निम्तिएको सङ्कटको समझदारीपूर्ण समाधान गरी अगाडि बढ्नुको विकल्प छैन । राजनैतिक दलहरूबीच परस्पर समझदारी र अदालतबाट चाँडोभन्दा चाँडो निर्णय आएर समयमैं विवादको टुङ्गो लगाउनुपर्छ। जसले कम क्षति पुग्छ। संसद् पुनः विघटनले धेरै चुनौती थपिएकाले समयमा समाधान खोज्नु अपरिहार्य छ ।

# चामलमा आत्मनिर्भर हुन पाँच वर्ष पनि नलाग्ने–विज्ञ

काठमाडौं, १६ जेठ/रासस

धानबाली विज्ञ भन्छन्– आगामी पाँच वर्षभित्र चामलमा आत्मनिर्भर हुन बाँझो जमीनको भरपूर उपयोग गर्नुपर्छ। केन्द्रीय तथ्याङ्क विभागले २०६८ मा गरेको कृषि गणनामा १० लाख हेक्टर जमीन बाँझो रहेको उल्लेख छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार कुल खेतीयोग्य जमीन झन्डै ३१ लाख हेक्टर छ ।

सरकारको आर्थिक वर्ष २०७८/७९ को बजेट पुस्तिकाको बुंदा नं १०८ मा नेपाललाई आगामी पाँच वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने घोषणा गरिएको छ । त्यसो त यसअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत पनि आगामी तीन वर्षमा नेपाललाई चामलमा आत्मनिर्भर बनाइने घोषणा गरिएको भएपनि परिणाम भने प्राप्त हुन सकेन ।

कृषि गणना नभएको पनि झन्डै १० वर्ष नाघिसकेको छ । यस अवधिसम्म कति खेतीयोग्य जमीन घडेरीकरण, खण्डीकरण वा नदीले कटान गर्‍यो, त्यसको कुनै तथ्याङ्क छैन। तीन आर्थिक वर्षदेखि हरेक सरकारले बजेटमार्फत जमीन बाँझो राख्न नदिन कडा कानून ल्याउने बताउँदै आएका छन् । गत दुई आर्थिक वर्षदेखि सरकारले बजेटमार्फत कानूनी कारबाईको सट्टा भूमि बैंकलाई जग्गा उपलब्ध गराउनुपर्ने विषय उल्लेख छ ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जेठ १५ गते आगामी आर्थिक वर्ष २०७८/७९ को अध्यादेशमार्फत पेश गरेका बजेटमा सात प्रदेशमा नै भूमि बैंक स्थापना गरिने उल्लेख छ । हरेक सरकारले पटक–पटक नयाँ–नयाँ विषय उठान गरे पनि कार्यान्वयन हुन नसक्दा प्रत्येक वर्ष नेपालले भारतलगायतका देशबाट प्रतिमहीना रु दुई अर्ब ५० करोडको चामल आयात गर्दै आएको विभिन्न तथ्याङ्कमा उल्लेख गरिएका छन् ।

बजेटको बुंदा नं १०८ मा आगामी दुई वर्षमा दूध र तरकारी, तीन वर्षमा गहुँ, मकै, कोदो र फापर, पाँच वर्षभित्रमा चामलमा आत्मनिर्भर बनाइने उल्लेख गरिएको छ। भन्सार विभागका अनुसार यस आर्थिक वर्षको पहिलो छ महीनामा भारतबाट ३० करोड र अमेरिकाबाट सात लाख ३३ हजार किलो चामल नेपाल भित्रिएको छ। त्यस्तै, ३३ करोड किलो मकै भारतबाट भित्रिदा २४/२४ लाख किलो दक्षिण अमेरिकी देश ब्रजील, अर्जेन्टिना र तीन लाख ५० हजार किलो दक्षिण अफ्रिकाबाट आयात भएको छ।

कृषि गणना २०६८ ले नेपालको प्रमुख खाद्यान्न बाली धान छ, मकै १२, गहुँ छ, कोदो १९ र फापरमा ४० प्रतिशतले उत्पादनमा गिरावट आएको तथ्याङ्क सार्वजनिक गरेको छ । त्यसैगरी, जौं, ३५, तोरी १३, र कोशे बालीमा २१ प्रतिशतले उत्पादन घटेको उल्लेख छ ।

कृषियोग्य जमीनको चक्लाबन्दी, कबुलियती, सामूहिक र करार खेतीमार्फत उत्पादनको वृद्धि गरिने विषय उठान भएको चार आर्थिक वर्ष नाघिसकेको छ । प्रत्येक बजेट पुस्तिकामार्फत उक्त कुरा लेखिएको भएपनि कार्यान्वयन फितलो देखिएकाले आगामी पाँच वर्षभित्र चामलमा आत्मनिर्भर हुने सरकारको योजना सफल होला नै भन्न मुश्किल रहेको वरिष्ठ धानबाली विशेषज्ञ भोलामानसिंह बस्नेतको भनाइ छ ।

नेपालीको प्रमुख खाद्यान्न बाली धान हो । नेपालमा झन्डै १५ लाख हेक्टर जमीनमा धानखेती हुन्छ। केन्द्रीय तथ्याङ्क विभागका अनुसार हाल नेपालको जनसङ्ख्या तीन करोड नाघिसकेको छ। सो सङ्ख्यालाई चामल पुऱ्याउन झन्डै ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ । नेपालको उत्पादन भने जम्मा ५५/५६ लाख मेट्रिक टनमा सीमित छ।

हिमालपारिका दुई जिल्ला मनाङ र मुस्ताङबाहेक नेपालका सबै जिल्लामा धान रोपाइँ हुने गर्दछ । नेपालको सबैभन्दा अग्लो स्थान जुम्लामा लगाइने ‘जुम्ली मार्सी’ धान विश्वप्रसिद्ध छ । आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा चामलको महत्त्व छ । नेपालमा १३० जातका धानका बीउ सिफारिश भएका छन्। धानको उत्पादन घट्दा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा असर पर्छ भने उत्पादन बढ्दा जिडिपी माथि उक्लन्छ।

नेपालमा झन्डै १५ लाख हेक्टर जमीनमा धानखेती हुन्छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा धानको योगदान १२ प्रतिशत छ। नेपालमा चैते र वर्षे धानको

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# ब्रजीलमा कोरोनाबाट हुने मृत्युमा कमी आएन

साओ पाओलो १७ जेठ/रासस

ब्रजीलमा कोभिड–१९ को प्रकोपबाट हुने मृत्युमा कमी नआएको पाइएको बताइएको छ। यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ आइतवार मात्र पनि ८७४ जनाको यो भाइरसका कारण ज्यान गएको छ। योसँगै ब्रजीलमा कोरोनाका कारण करीब ४ लाख ६२ हजारजनाको ज्यान गएको छ।



ब्रसिलियामा जेयर बोल्सोनारोको बडेमाको पुतला बोकेका विरोधकर्ताहरू। फोटो : इपिए

यस सङ्क्रमणबाट ४ लाख ६१ हजार ९३१ जनाको ज्यान गएको आइतवार यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय ब्रजीलमा कोरोना भाइरसको सङ्क्रमण घट्न सकेको छैन। केही दिन यहाँ सङ्क्रमितहरूको सङ्ख्या घटेकोजस्तो देखिए पनि पछि फेरि बढेर आउने गरेको पाइएको छ।

अधिकारीहरूले सङ्क्रमितहरू यहाँका अस्पतालमा ठूलो सङ्ख्यामा रहेको पाइएको छ। अधिकारीहरूले अहिले पनि यहाँका बिरामीको चाप थेग्न सकेका छैनन्। यहाँ गत २४ घण्टामा कोभिड–१९ का ४३ हजार ५२० जना सङ्क्रमित भेटिएका छन्। ब्रजीलको स्वास्थ्य मन्त्रालयले आइतवार सो जानकारी दिएको छ।

त्यसैगरी यहाँ कोरोना भाइरसको सङ्क्रमण शुरू भएपछि हालसम्म १ करोड ६५ लाखभन्दा बढी सङ्क्रमित भएका छन्। ब्रजीलका अधिकारीहरूले यहाँ कोरोनाविरुद्ध खोप लगाउने क्रम पनि जारी रहेको बताएका छन्। यहाँको सबैभन्दा बढी प्रभावित क्षेत्र साओ पाओलो हो। यस राज्यमा मात्र ३५ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका छन्।

### भारतमा कोभिड-१९ को सङ्क्रमण दर घट्ने क्रम जारी

नयाँ दिल्ली/एएनआई

कोरोना भाइरस महामारीको दोस्रो लहरका कारण सङ्कटमा परेको भारतमा पछिल्ला केही दिनदेखि सङ्क्रमण दरमा कमी आएको छ। पछिल्लो २४ घण्टामा १ लाख ५२ हजार ७३४ जनामा थप व्यक्तिमा कोरोना सङ्क्रमण भएसँगै देशभर हालसम्म कुल २ करोड ८० लाख ४७ हजार ५३४ व्यक्ति कोरोना सङ्क्रमित भएका छन्। भारतमा हिजो कोरोना सङ्क्रमितको सङ्ख्या गत ५० दिनयताको नै कम भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमवार जनाएको छ।

तर भारतमा दैनिक मृत्युदरमा सोचेजति कमी आएको छैन। मन्त्रालयले सोमवार सार्वजनिक गरेको विवरणमा २४ घण्टाको अवधिमा ३ हजार १२८ जनाको कोभिड–१९ को सङ्क्रमणबाट मृत्यु भएको उल्लेख छ। योसहित भारतमा हालसम्म कोभिड–१९ को सङ्क्रमणबाट ३ लाख २९ हजार १०० जनाको ज्यान गएको छ।

भारतमा हाल कोभिड–१९ का २० लाख २६ हजार ९२ व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा छन्। विगत २४ घण्टामा २ लाख ३८ हजार २२ व्यक्ति कोभिडबाट सङ्क्रमणमुक्त भएको जनाइएको छ। भारतमा गत मे १० मा सक्रिय सङ्क्रमितको सङ्ख्या उच्च बिन्दुमा पुगेको थियो।

भारतमा हालसम्म ३४ लाख ३१ हजार ५४ हजार व्यक्तिको कोरोना परीक्षण गरिएको सरकारी स्रोतले जानकारी दिएको छ। भारतमा गत जनवरी १६ तारिखबाट कोरोनाविरुद्ध खोप अभियान शुरू भएको थियो। मन्त्रालयका अनुसार हालसम्म कुल २१ करोड ३१ लाख ५४ हजार डोज खोप लगाइएको छ। रासस

# इजरायली प्रम नेतन्याहूको कार्यकाल समाप्तिको सङ्घारमा

जेरुसेलम, १७ जेठ/एपी

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको गठबन्धनमा रहेका नेता नफ्ताली बेनेटले विपक्षी गठबन्धनसँग मिलेर सरकार बनाउने घोषणा गरेलगत्तै प्रधानमन्त्री नेतन्याहूको १२ वर्षे कार्यकाल समाप्तिको सङ्घारमा पुगेको छ।



प्रम बेन्जामिन नेतन्याहू

इजरायलको सानो तर कट्टरपन्थी दल यामिना पार्टीका नेता बेनेटको नाटकीय घोषणाले प्रधानमन्त्री नेतन्याहू र उनको दल लिकुड पार्टीलाई विपक्षमा पुऱ्याउनेछ।

बेनेट र मुख्य विपक्षी दलका नेता याइर लापिडलाई नयाँ सरकार गठनका सन्दर्भमा अझै पनि केही समस्या छ। विगत दुई वर्षभित्र चारपटक संसद्को निर्वाचन गर्दासमेत सरकार गठनमा जटिलता कायमै छ।

बेनेटले भने, "मेरा मित्र याइर लापिडसँग मिलेर राष्ट्रिय एकताको सरकार निर्माण गर्ने हाम्रो उद्देश्य छ, ताकि ईश्वरको चाहनाबमोजिम हामी दुवैले मिलेर देशलाई पुनः सही मार्गमा ल्याउन सक्नेछौं।"

दुवै नेताले आगामी बुधवारसम्ममा एउटा सम्झौतामा सहमति जुटाउनेछन्। यस सम्झौताको केन्द्रमा दुवै नेताले दुई/दुई वर्षका लागि आलोपालो इजरायलको प्रधानमन्त्री हुने रहेको छ। बेनेट पहिलो दुई वर्ष प्रधानमन्त्री हुने सम्झौतामा उल्लेख छ। लापिडको येस अटिड पार्टीको वार्ता टोलीले आइतवार पनि यस विषयमा छलफल गरेको थियो।

नेतन्याहूको मन्त्रिमण्डलमा वरिष्ठ मन्त्रीको भूमिका निर्वाह गरिसकेका बेनेट पनि प्रधानमन्त्री नेतन्याहूझैं कठोर नीतिका पक्षधर हुन्। उनी पश्चिम किनाराको विवादास्पद आवास अभियानका पूर्वनेता पनि हुन्। साथै उनले धार्मिक तथा राष्ट्रवादी यहूदीको प्रतिनिधित्व रहेको एउटा सानो पार्टी गठन गरेका छन्। तर पछिल्लो समय नेतन्याहू र बेनेटबीच व्यक्तिगत तहमा असमझदारी बढेको छ।

बेनेटले गत मार्च २३ मा सम्पन्न आमनिर्वाचनबाट नेतन्याहूको नेतृत्वमा सरकार गठन हुने कुनै सम्भावना नदेखिएको बताए। उनले अर्को चुनावबाट पनि नतीजामा फेरबदल आउन नसक्ने स्पष्ट गर्दै अब चुनावको चक्र समाप्त गर्नुको विकल्प नरहेको बताए।

बेनेट र लापिड तथा गठबन्धनका अरू साझेदारबीच कुनै सम्झौता भए कम्तीमा केही समयका लागि भएपनि नेतन्याहू प्रधानमन्त्री पदबाट विस्थापित हुनेछन्। विगत तीन दशकदेखि इजरायली राजनीतिमा नेतन्याहूको गहिरो प्रभाव छ। नेतन्याहूले प्रधानमन्त्रीका रूपमा १२ वर्ष शासन चलाइसकेका छन्।

टेलिभिजनमा एक सम्बोधन गर्दै नेतन्याहूले बेनेटले इजरायलका दक्षिणपन्थी समुदायको भावनामाथि कुठाराघात गरेको आरोप लगाएका छन्। उनले राष्ट्रवादी नेताहरूलाई "वामपन्थी सरकार"मा सामेल नहुन पनि आग्रह गरेका छन्। उनले भने, "यस्तो किसिमको सरकार इजरायलको सुरक्षाका लागि खतरा हो, र इजरायल देशकै भविष्यका लागि खतरा हो।"

सरकार गठनका लागि कुनै पनि दल वा गठबन्धनले १२० सदस्यीय संसद् (नेसेट)मा ६१ स्थान प्राप्त गर्नुपर्दछ। दुई वर्षको अवधिमा चारपटक संसद्को चुनाव गर्दा समेत कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेका छैनन्। साना दलको समर्थनमा सरकार गठन गर्नुको विकल्प छैन। हालको संसद्मा १३ वटा दलको प्रतिनिधित्व रहेको छ।

सबैभन्दा ठूलो पार्टीको नेताको हैसियतमा नेतन्याहूलाई नै सहमतिको सरकार गठन गर्न राष्ट्रपति रुभेन रिभलिनले पहिलो अवसर दिएका थिए। तर उनले परम्परागत धार्मिक तथा राष्ट्रवादीको समर्थनमा बहुमत जुटाउने प्रयास गरे पनि त्यो सम्भव भएको छैन। रासस


**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
प्रदेश २ (नेपाल)

**बेरुजु फर्छ्योट गर्नेबारे सार्वजनिक सूचना**

साबिकको वीरगंज उपमहानगरपालिका र यस वीरगंज महानगरपालिकामा गाभिएका गाविसहरू तथा वीरगंज महानगरपालिकाबाट आयोजना तथा कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समिति वा निर्माण व्यवसायीले लिएको पेश्कीको काम गरिसकेको भए सोको प्रमाणित बिल भरपाइ तथा कागजातहरू यस कार्यालयमा १५ (पन्ध्र) दिनभित्र पेश गर्ने तथा काम नगरेको भए यो सूचना प्रकाशित गरेको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश्की रकम र सोमा लाग्ने नियमानुसार ब्याज रकम नगदै जम्मा गरी पेश्की फर्छ्योट गर्न/गराउन हुन अनुरोध छ। साथै यस कार्यालयबाट आय ठेक्का सञ्चालन गरेबापत बुझाउनुपर्ने बक्यौता रकम १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा नगदै जम्मा गरी फरफारक गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। तोकिएको समयमा पेश्की फर्छ्योट र फरफारक नगरेमा नियमानुसारको आवश्यक कारबाई गरिने बेहोरासमेत जानकारीको लागि अनुरोध छ।

**प्रदीपकुमार निरौला (प्रमुख प्रशासकीय अधिकृत)**


# तीनजना प्रहरी निलम्बित

प्रस, सिराहा, १७ जेठ/

जिल्ला प्रहरी कार्यालय सिराहाले प्रहरी सहायक निरीक्षकसहित तीनजना प्रहरीलाई निलम्बन गरेको छ। उनीहरूले प्रहरी आचरणविरुद्ध काम गरेकाले कारबाई गरिएको जिप्रका सिराहाले जनाएको छ।

निषेधाज्ञा अवधिमा लहान नगरपालिका–२३ स्थित गढिया चोकमा रहेको पूजा मदिरापसलमा मदिरासेवन गर्ने व्यक्तिहरूलाई पक्राउ गर्न गएको प्रहरीले सो पसलबाट मदिरा चोरेको तस्वीर सामाजिक सञ्जालमा भाइरल भएपछि जिप्रका सिराहाले तीनैजना प्रहरीलाई निलम्बित गरेको हो।

जिल्ला प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शालिग्राम शर्माले प्रहरी सहायक निरीक्षक नवलकिशोर ठाकुर, प्रहरी जवानहरू अन्नुकुमार राय र नरेशकुमार रायलाई निलम्बित गरिएको बताए। प्रहरी आचरणविरुद्ध काम गरेको पाइएपछि प्रहरी नियमावली–२०७१ अनुसार दोषी तीनैजना प्रहरीलाई निलम्बित गरी थप अनुसन्धान भइरहेको प्रनाउ शर्माले बताए।

**पेट्रोल............**

पदार्थको खपत कम हुँदा डिलरहरूले भारततर्फ तस्करी गर्ने मौका पाएका छन्।

डिलरहरूले आयल निगमबाट नियमितरूपमा उठाउने जत्तिकै तेल ल्याउने र भारत पठाउने गरेका छन्। भारत पठाउँदा तस्करहरूबाट बढी रकम पाउने हुँदा डिलरहरूले खुद्रामा बिक्री गर्नुभन्दा तस्करहरूलाई बिक्री गर्दै आएका छन्। सोही कारणले डिलरहरूले अहिले खुद्रामा पेट्रोलियम पदार्थको मूल्य बढी लिने गरेका छन्।

**चामल.......**

खेती गरिन्छ। नेपालीको मुख्य खाना भात भएकाले चामलको खपत अधिक हुने गरेको छ। मागलाई धान्न उत्पादन बढाउनुपर्ने भएपछि सरकारले धानको उत्पादन बढाउन विभिन्न परियोजना अघि सारेका थिए। परियोजना सञ्चालनबाट समेत चामलको आयात नरोकिएको उदाहरण छन्।

यसअघि विश्व बैंकको सहयोगमा सन् २००९ बाट कृषिलाई व्यवसायीकरण गर्न भन्दै व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट)को कार्यक्रम झन्डै एक दशक सञ्चालनमा आयो। प्याक्ट परियोजना सकिनुअघि आर्थिक वर्ष २०७३/७४ देखि नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत आगामी तीन वर्षमा धानमा आत्मनिर्भर हुने योजना अघि सारेको थियो। यो परियोजना लागू भएको पनि चार वर्ष पुग्न लागेको छ तर चामलको परनिर्भरता भने चुलिएको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि रु सात अर्ब ९८ करोड बजेट विनियोजन गरिएको छ।

राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क)का पूर्ववरिष्ठ वैज्ञानिक डा भवप्रसाद त्रिपाठीले सिंचाइका ठूला आयोजनाको तदारूकताका साथ निर्माण, चार लाख हेक्टरमा वर्षे धानखेती, तराईका धानखेती हुने जग्गामा माछापोखरी खन्न रोक, वर्षे धान खेती गर्ने किसानलाई धान सुकाउने मेशिनको उपलब्धता हुने हो भने चामलमा आत्मनिर्भर हुन पाँच वर्ष पनि नलाग्ने बताउँछन्।

## आजको राशिफल

| | |
|---|---|
| मेष: मनोरञ्जन | वृष: कर्मप्राप्ति |
| मिथुन: राज्यभय | कर्कट: यात्रालाभ |
| सिंह: कडाश्रम | कन्या: सुसमाचार |
| तुला: उदरपीडा | वृश्चिक: विजय |
| धनु: धनक्षति | मकर: धनहानि |
| कुम्भ: भाग्योदय | मीन: बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## फरक समाचार

# धर्तीको तापमान वृद्धि हुने

सन् २०२१ देखि २०२५ सम्मको कुनै एक वर्ष धर्तीको तापमान अत्यधिक हुने वैज्ञानिकहरूले बताएका छन्। सन् २०१६ मा भएको सबैभन्दा बढी गर्मीको रेकर्डलाई यसले तोड्न सक्ने उनीहरूको दाबी छ। उनीहरूले तापमान ४० प्रतिशतसम्म बढ्ने बताएका छन्। तापमान बढेपछि लू, अत्यधिक वर्षा र पानीको अभाव हुन सक्छ। यो दाबी अमेरिका, चीनलगायत संसारभरिका १० देशका वैज्ञानिकले वर्ल्ड मेट्रोलोजिकल अर्गनाइजेशन (डब्लुएमओ)को रिपोर्टमा गरेका छन्।



पछिल्लो एक दशकमा १.५ डिग्री तापमान बढ्ने आशङ्का मात्र २० प्रतिशत थियो तर नयाँ रिपोर्टले खतरा ४० प्रतिशतसम्म बढेको बताएको छ। यस्तो भयो भने सन् २०१५ मा भएको पेरिस जलवायु सम्झौतामा निर्धारित तापमानभन्दा माथि उठ्नेछ। मौसम वैज्ञानिक लियोन हरमेन्सनको भनाइ छ, दुनिया १.५ डिग्री तापमानतर्फ लम्कँदै छ, यसलाई रोक्नुपर्छ किनभने समय बित्दैछ।

डब्लुएमओका महासचिव प्राध्यापक पेटेरी तालास अनुसार बढ्दो तापमानबाट बरफ पग्लिन्छ र समुद्रको जलस्तर बढ्छ, यसबाट मौसम बिग्रन्छ। परिणामस्वरूप भोजन, स्वास्थ्य, पर्यावरण र विकासमाथि प्रतिकूल प्रभाव पर्छ। रिपोर्टले भनेको छ, यतिबेला सतर्क हुनुपर्छ। संसारभरिका ग्रीन हाउस ग्यास उत्सर्जन घटाउनको लागि तीव्र गतिले काम गर्नुपर्छ।

रिपोर्ट अनुसार संसारको करीब एक चौथाइ जनसङ्ख्या दक्षिण एशियामा बस्छ। यो क्षेत्र पलिहेदेखि नै बढी गर्मीको मार झेल्दै आइरहेको छ। तसर्थ तापमान बढेपछि यहाँको लागि ठूलो खतरा हुनेछ। यस क्षेत्रमा करीब ६० प्रतिशत मानिस खेती किसानी गर्छन्। उनीहरू खुला मैदानमा काम गर्नुपर्छ, तसर्थ लूको जोखिम पनि बढ्छ।

**के हो पेरिस जलवायु सम्झौता** : सन् २०१५ को ३० नोभेम्बरदेखि ११ डिसेम्बरसम्म १९५ देशका सरकार फ्रान्सको पेरिसमा जम्मा भएका थिए। सरकारले संसारभरिका ग्रीन हाउस ग्यास उत्सर्जन कम गर्ने लक्ष्य तय गरेका थिए, जसबाट तापमान २ डिग्रीसम्म कम गर्न सकियोस्।

# खोपको प्रमाणपत्र देखाएपछि मात्रै रक्सी पिउन र किन्न पाइने

भारत, उत्तरप्रदेशको इटावामा कोरोना सङ्क्रमण रोक्न र खोपप्रति जागरूकता ल्याउन त्यहाँका एसडिएमले अनौठो पहल गरेका छन्। उनले रक्सी ठेकेदारलाई कोरोनाविरुद्ध खोप लगाएको प्रमाणपत्र हेरेर मात्र रक्सी बिक्री गर्न भनेका छन्।



जसले गर्दा यसको असर त्यहाँ देखिन थालेको छ।

उपजिलाधिकारी (एसडिएम) हेम सिंहका अनुसार शनिवार रक्सी ठेकेदार (विक्रेता)लाई खोप लगाएको प्रमाणपत्रविना रक्सी बिक्री नगर्न अपील गरिएको थियो। एसडिएमको अपीलपछि अब रक्सी किन्न आउनेहरूले खोप लगाएको प्रमाणपत्र ल्याइरहेका छन्। सिंहको सैफई तहसीलमा कोरोना खोपलाई बढावा दिन यस अनौठो प्रयोगको खुलेर प्रशंसा भइरहेको छ। उनले रक्सी र बीयरको ठेक्का सञ्चालकहरूसँग अपील गरेका छन्, कोरोना खोप लगाइसकेकालाई मात्र रक्सी बेच्न पाइन्छ। यसको लागि उनले समय–समयमा पसलको अनुगमन पनि गर्ने गरेका छन्।

अलिगढमा विषाक्त रक्सीबाट भएको मृत्युपछि एसडिएम हेम सिंह र सिओ राकेश वरिष्ठ र आबकारी विभागका टीमसँगै रक्सी र बीयरको पसल निरीक्षण गर्न निस्केका थिए। दुमिला, तिराहे र गीजा गाउँमा रक्सीका पसल जाँच गरेपछि एसडिएमले रक्सीपसलेहरूलाई खोपप्रति जागरूक गर्ने पोस्टर लगाउन पनि निर्देशन दिए। एसडिएमले ठेक्का सञ्चालक र सेल्समैनसँग भने– ४५ वर्षभन्दा बढी उमेरका व्यक्तिलाई रक्सी, बीयर त्यति बेला मात्र बेच्न पाइन्छ, जब उनीहरूले कोरोना खोप लगाइसकेको प्रमाणपत्र देखाउँछन्, नत्र रक्सी नबेच्नुहोला।

# कोरोना खोप लगाउनेलाई लाखौंको चिट्ठा

कोरोना खोप लगाउन धेरैजना अझै पनि डराउँदैछन्। भारतको उत्तरप्रदेशमा हालै एउटा गाउँमा खोप लगाउन पुगेका स्वास्थ्यकर्मीहरूको टीम देखेपछि त्यहाँका गाउँलेहरू नदीमा हाम फालेका थिए। तर संसारमा एउटा यस्तो ठाउँ पनि छ, जहाँ खोप लगाउनेलाई चिट्ठामा पुरस्कार जितेको स्वरूप लाखौं डलर दिइनेछ। अमेरिकाको ओहायोमा खोपबारे जागरूक गर्न लट्री सिस्टमको माध्यमबाट पुरस्कार दिने घोषणा गरिएको छ। यो योजना ओहायोका गभर्नर माइक डेविनले ल्याएका हुन्। ओहायोमा जसले यो खोप लगाउँछ, उसले चिट्ठा प्रक्रियामा भाग लिन पाउँछ। द गार्जियनको एउटा रिपोर्ट अनुसार चिट्ठा जित्नेलाई १० लाख डलर पुरस्कार दिइनेछ। माइक डेविनले भने– करीब २७ लाख मानिसले पहिलो साता नै चिट्ठाको लागि आवेदन दिएका छन्।



चिट्ठा प्रक्रियामा सहभागी हुन दुईवटा समूह बनाइएको छ। पहिलो समूहमा ओहायोका मूल निवासी र १८ वर्षभन्दा बढी उमेरका वयस्क हुनेछन्, जबकि दोस्रो समूहमा १२ देखि १७ वर्षका किशोरहरू छन्। दोस्रो समूहका विजेतालाई नगद पुरस्कार दिइएको छैन। यसमा १२ देखि १७ वर्षका किशोरहरूलाई चार वर्षसम्मको छात्रवृत्ति दिइनेछ। यी सबै चिट्ठा योजनाको पैसा र खर्च ओहायो प्रशासनको कोभिड फन्डबाट हुनेछ।

चिट्ठाको यो योजना अहिले अमेरिकामा चर्चाको विषय बनेको छ। न्यूयोर्क टाइम्सले एउटा लेखमा यसलाई खोप लगाउन आकर्षित गर्ने विचार बताएको थियो। अमेरिकाले मास्कबाट मुक्तिको घोषणा गरिसकेको छ। अमेरिकाले यस्तो घोषणा गर्नुको कारण त्यहाँका ६० प्रतिशत जनसङ्ख्याले कमसेकम खोपको एउटा मात्रा लिइसकेको छ। –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



लकडाउन भएपनि दूध बिक्री गर्नै पर्‍यो। निजगढकी पशुपालक कृषक दूध बिक्री गर्न बस्ती चहार्दै। तस्वीर: जीतलाल श्रेष्ठ

# कलैयामा क्रसर उद्योगविरुद्ध प्रदर्शन

प्रस, कलैया, १७ जेठ/

क्रसर उद्योगको कारण खेतमा क्षति पुगेको भन्दै कलैया उपमहानगरपालिका-२४ का स्थानीयहरूले सो वडामा सञ्चालित जय मातादि क्रसर उद्योगमा घेराउ गरेका छन्।



क्रसर उद्योगबाट खेतमा थुप्रिएको बालुवा र लेदो देखाउँदै किसान। तस्वीर: सौजन्य

क्रसर उद्योगबाट निस्केको बालुवाको कण, धूलो आदिले खेतलाई क्षति पुर्‍याएको उनीहरूको आरोप छ। क्रसर उद्योग सञ्चालन भएको कारण त्यहाँबाट निस्किने धूलोले खेतमा क्षति पुर्‍याएको भन्दै उनीहरूले क्रसर उद्योग घेराउ गरेका हुन्। क्रसर उद्योगको कारण सो आसपासका सयौं बिघा खेत प्रभावित भएको स्थानीयले बताए। बडहर्वा, मनहर्वा, सखुई आदि टोलका मानिसहरू एकीकृत भएर आज क्रसर उद्योग घेराउ गर्दै बन्द गर्न माग गरेका हुन्।

वडाध्यक्ष हरिलाल चौधरीले स्थानीय र क्रसर उद्योगबीच सहमति भएको बताए। उनले क्रसर उद्योगबाट निस्किने बालुवाको कण र लेदोको व्यवस्थापन गरेर मात्र उद्योग सञ्चालन गर्ने र तत्काल उद्योग बन्द गर्ने सहमति भएको जानकारी गराए। क्रसरको कारण खेतमा लगाइएको मकै, धान, उखु, मुसुरो खेतीको उत्पादन कम भएको किसानहरूको आरोप छ।

## सोमबार दुईजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, १७ जेठ/

नारायणी अस्पतालमा सोमबार दुईजना सङ्क्रमितको मृत्यु भएको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले पर्सा जिल्ला छिपहरमाई गाउँपालिका-४ तुलसीवर्वा निवासी ३५ वर्षीय महिलाको आज बिहान ७ बजे मृत्यु भएको बताए। उनले मृतक महिलाको जेठ १४ गते स्वाब सङ्कलन गरिएको र १६ गते सङ्क्रमण पुष्टि भएपछि अस्पताल भर्ना गरिएको बताए।

यसैगरी, बाराको करैयामाई गापा-३ निवासी ६५ वर्षीय पुरुषको आज बिहान ७:३० बजे मृत्यु भएको डा सिंहले बताए। मृतक पुरुष अस्पतालमा जेठ ९ गते भर्ना भएका र ११ गते उनी सङ्क्रमित पुष्टि भएका थिए।

## पोखरिया अस्पतालमा ५ जना सङ्क्रमित निको भए

प्रस, पोखरिया, १७ जेठ/

जिल्ला अस्पताल पोखरियाबाट पाँचजना सङ्क्रमित निको भएर घर फर्केका छन्। अस्पताल मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय गुप्ताले दुईजना महिला र तीनजना प्रहरीसहित पाँचजना सङ्क्रमित उपचारपछि घर फर्केको बताए। उनीहरूको उपचार दुई सातादेखि अस्पतालमा भइरहेको थियो। उनीहरूमा एन्टिजेन परीक्षणबाट सङ्क्रमण पुष्टि भएपछि अस्पताल भर्ना भएका थिए। अहिलेसम्म पोखरिया अस्पतालबाट १५ जना सङ्क्रमित निको भएर घर फर्केको मेसु डा गुप्ताले बताए।

# वडामा स्वास्थ्य अभियान

प्रस, वीरगंज, १७ जेठ/

वीरगंज महानगरपालिका-५ वडापालिकाको कार्यालयले वडामा घरदैलो गरेर स्वास्थ्य अवस्था बुझेको छ।



वडावासीको हालखबर सोध्दै वडाध्यक्ष चौरसियालगायत। तस्वीर: प्रतीक

वडाध्यक्ष प्रदीप चौरसियाले हेल्पिङ ह्यान्डको सहयोगमा वडामा पहिलो चरणको घरदैलो अभियान सोमबार सम्पन्न गरेको बताए। उनले वडामा रहेका ६५० वटा घरधुरीका करीब २५ सय मतदाताको घरमा पुगेर उनीहरूको स्वास्थ्य अवस्था बुझेको र आवश्यक सल्लाह दिएको बताए। उनले चारजना स्वास्थ्यकर्मी र वडासदस्य तथा स्थानीयहरूको सहयोगमा घरदैलो कार्यक्रम गरेको र चिकित्सकीय परामर्श आवश्यक भएकाहरूलाई प्रविधिको सहयोगमा डा नीरज सिंह, डा रोशन अली, डा केके अग्रवाल, डा आनन्द झा, डा जीतेन्द्र आसमानीसँग परामर्श गराएको बताए।

वडाध्यक्ष चौरसियाले आफ्नो वडामा १२ जना सङ्क्रमित रहेको र उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको बताए।

घरदैलो कार्यक्रममा दिनेश अग्रवाल, नारायण अग्रवाल, राकेश मिश्र, रुस्तम अली, स्वास्थ्यकर्मी सन्तोष निषाद, दिनेश तुरहा, राजु तुरहा, विष्णु यादवलगायतले सघाएका थिए।

# हिलाम्य सडकमा ग्रेभल बिछ्याइयो

राधेश्याम पटेल, परवानीपुर, १७ जेठ/

वीरगंज-१८ सुखचैना टोलको मुख्य सडक हिलाम्मे बनेपछि गाउँलेहरूलाई समस्या भएको छ।

पछिल्लो समय लगातार तीन दिन परेको वर्षाको कारण उक्त टोलको उत्तरतर्फको करीब दुई सय मिटर मुख्य बाटो हिमाम्मे बनेको छ। वडा कार्यालयका प्रतिनिधिहरूले खासै ध्यान नदिंदा उक्त बाटो खराब भएको र हिलाम्मे भएको सडक पानी परेर जलमग्न हुने गरेको सुखचैनाका बासिन्दाहरूले बताएका छन्। परारदेखि उक्त गाउँको मुख्य बाटो वर्षाको बेला हिलाम्मे हुने गरेको छ।

परार वडा कार्यालयको रु १४ लाखको बजेटमा स्थानीय सरोज यादवको घरनजीकै एक छेउमा नाला बनेको थियो। दुवै छेउमा नाला बनाउन स्थानीयहरू तयार नहुँदा टोलको पानी आएर उक्त ठाउँमा जम्ने गर्छ। पोहोर पनि समस्या समाधानको लागि वडाध्यक्ष ब्रह्मदेवप्रसाद कुर्मीको निर्देशनमा तीन टिपर ग्रेभल झारिएको थियो।

यसपालि पनि सडक डुबानमा परी टोलवासीलाई आवतजावतमा समस्या भएपछि टोलवासी सडक पक्की गराउन वीरगंजका प्रमुख विजयकुमार सरावगीसमक्ष डेलिगेशन लिएर पुगेका थिए। त्यसपछि हिजोदेखि हालसम्म ६ टिपर ग्रेभल खसालिसकेको जनता समाजवादी पार्टीका विद्यार्थी नेता सरोज यादव बताउँछन्। वडा नं १८ का वडासदस्य छोटेलाल राउत कुर्मीले आगामी बजेटमा उक्त सडक ढलानको लागि बजेट बिनियोजन गराउने आश्वासन दिए।



तस्वीर: प्रतीक

# सर्जिकल मास्क सहयोग

प्रस, पोखरिया, १७ जेठ/

नेपाल रेडक्रस सोसाइटी, पोखरिया उपशाखाले पोखरिया नगरपालिकालाई सर्जिकल मास्क सहयोग गरेको छ।



तस्वीर: प्रतीक

नगरपालिकाभित्र रहेका गरीब, दलित, जनजाति, आदिवासीलाई कोरोना सङ्क्रमण अवधिमा मास्क उपलब्ध गराइ सहयोग गर्न नगरपालिकालाई ५ सय थान सर्जिकल मास्क सहयोग गरेको शाखा अध्यक्ष भगवानप्रसाद कुर्मीले बताए।

उनले नगरप्रमुख दीपनारायण रौनियारलाई मास्क हस्तान्तरण गरिएको जानकारी गराए।






# नारायणी अस्पताललाई अक्सिजन सहयोग

प्रस, वीरगंज, १७ जेठ/

मानव अधिकारको लागि एकल महिला समूहको पहलमा विदेशी दाताहरूले सोमबार नारायणी अस्पताल वीरगंजलाई अक्सिजन सिलिन्डर सहयोग गरेका छन्।



तस्वीर: प्रतीक

आज एक कार्यक्रमबीच अस्पतालमा समूहकी शाखा अध्यक्ष प्रेमकुमारी सिंहले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानलाई १५ थान अक्सिजन सिलिन्डर हस्तान्तरण गरिन्। सो अवसरमा ४ सय थान सर्जिकल मास्क र सय थान केएन-९५ मास्क मेसु प्रधानलाई हस्तान्तरण गरिएको थियो। अक्सिजन सिलिन्डरसहित आवश्यक उपकरण पनि उपलब्ध गराइएको छ।

सामुदायिक सेवा केन्द्र छपकैयाको सहकार्य र समन्वयमा आयोजित कार्यक्रममा केन्द्रका अध्यक्ष ग्यासुद्दीन ठकुराई, सचिव प्रवीणविक्रम शाह, सदस्य अजित भुजेल, अब्दुल कैस र सीता प्रसाईंलगायतको सहभागिता थियो।

**चैते धान........**

गरी खेत सुकाउनुपर्ने बताउँदै कीरा लागेको बालीमा एसिफेन १७ प्रतिशत, बुप्रोफागिन २५ प्रतिशत, फिप्रोनिल ८० प्रतिशत र गिमथेट ३० प्रतिशतमध्ये कुनै एउटा विषादी पानीमा मिसाएर छर्कन सुझाव दिए।

पर्सागढी, सखुवाप्रसौनी, पटेर्वासुगौली गापाका किसानले लगाएको चैते धानमा कीराको प्रकोप देखिएको प्राविधिक चौधरीले बताए।

# बजेट अधिवेशन बोलाउन सिफारिस

प्रस, जनकपुरधाम, १७ जेठ/

प्रदेश नं २ सरकारले जेठ २४ गते बजेट अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखलाई सोमवार सिफारिश गरेको छ।

सोमवार प्रदेश नं २ को बसेको मन्त्रिपरिषद् बैठकले चालू अधिवेशन अन्त्य गर्दै बजेट अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिश गरेको हो।

प्रदेश सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले जेठ २४ गतेदेखि बजेट अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिश गर्ने निर्णय मन्त्रिपरिषद्को बैठकबाट भएको जानकारी दिए।

सङ्घीय सरकारले जेठ १५ र प्रदेश सरकारले असार १ गतेभित्र बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।


कोभिड-१९ को सङ्क्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरूले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरणलगायतका कार्यहरू गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालना गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग